# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ११ गते २०४१ साल

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले सुर्खेत जिल्लामा भएको अव्यवस्थित बसोवासलाई व्यवस्थित गर्न मिति २०३०।१०।११ मा गठन गरेको समितिको सट्टा निम्नबमोजिमको सुर्खेत जिल्ला अव्यवस्थित बसोवास व्यवस्थित समिति गठन गरेको छ ।

(१) समितिको गठन : समितिको गठनविधि देहायबमोजिम हुनेछ ।

१. प्रमुख जिल्ला अधिकारी —अध्यक्ष
२. जिल्ला वन नियन्त्रक —सदस्य
३. मालपोत अधिकृत —सदस्य
४. जिल्ला प्रहरी अधिकृत —सदस्य
५. बसोवास अधिकृत —सदस्य-सचिव

(२) काम, कर्तव्य र अधिकार : समितिको निम्न अनुसारको काम, कर्तव्य र अधिकार हुनेछ ।

१. अवैध बसोवास भइरहेको क्षेत्रहरूको बाउण्ड्री नक्शा तयार गर्ने, संशोधन गर्ने र वनसीमाना निर्धारण गर्ने ।

१३४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. वन अतिक्रमण गरी बसोवास भइरहेको छ भन्ने लागेमा सो क्षेत्रको स्थलगत अध्ययन गरी आवश्यक परे वनसीमाना हेरफेर गर्ने ।

३. वनसीमाना निर्धारण नभएका क्षेत्रहरूमा वनसीमाना निर्धारण गरी गराई वनक्षेत्र र बसोवास क्षेत्र छुट्याउने ।

४. वनक्षेत्र छुट्याउँदा वनसीमाना सकेसम्म सोझो राख्ने ।

५. पानीको मुहान, खोला, किनार र बगरहरूमा वन कायम गर्नेतर्फ विशेष ध्यान दिने ।

६. बसोवास क्षेत्रमा जोत भोग गरी बसेका अव्यवस्थित बसोवास गर्नेहरूको तथ्याङ्क लिई त्यस्ता व्यक्तिहरूले भोग चलन गरिरहेको जग्गा श्री ५ को सरकार-को नीति अनुसार जोत भोगमा नबढाई बढीमा १ बिगहासम्म पाउने गरी नाप नक्शा गराई जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गर्ने ।

७. जलश्रोत मन्त्रालयबाट डुबान क्षेत्रको सीमा ६ महीनाभित्र निर्धारण गराई सो क्षेत्रभित्र पर्नेलाई पनि उपयुक्त ठाउँमा बसोवास गराउने व्यवस्था मिलाउने र त्यस क्षेत्रमा वृक्षारोपण गरी सुरक्षित राख्ने ।

८. समितिले आवश्यकता अनुसार जिल्ला, गाउँ र वडा स्तरसम्म जनप्रतिनिधिहरू र आवश्यक अन्य कर्मचारीसमेत राखी सहयोग समिति गठन गर्न सक्नेछ ।

९. नदी किनारभित्र बस्ती बस्न नदिने र बसोवास भैरहेकोमा हटाई नदी किनारको बचाउको लागि वृक्षारोपण गराउन लगाउने र आफ्नो नम्बरी जग्गामा बसेका परिवार भए तिनलाई अन्यत्र सारी बसोवासको व्यवस्था गर्ने ।

१०. समितिले प्रत्येक चार चार महीनामा गरेको कामको प्रगति मन्त्रिपरिषद् सचिवालय, वन तथा भू-संरक्षण मन्त्रालय र सम्बन्धित अञ्चलाधीश कार्यालयमा पठाउने र अञ्चलाधीशले तथा वन तथा भू-संरक्षण मन्त्रालयले भएको कार्य प्रगति सम्बन्धमा आफूले स्थलगत निरीक्षण गरी जानकारी लिई प्रतिवेदन पेश गर्ने ।

११. सुर्खेत जिल्लामा मालपोत कार्यालयले दर्ता छुट दर्ता गरी दिने कार्य र हाल आवादी समितिले हाल आवादी दर्ता गर्ने कार्य यसै समितिमा राखी समितिले स्वीकृति दिएपछि नियमानुसार दर्ता गर्ने ।

१२. समितिको निर्णय अनुसार तोकिएको स्थानमा नापी कार्यालयले नापीको कार्य गरी दिने ।

१३. बसोवास गराउँदै जाँदा बसोवास गर्नेहरूलाई दिइनु पर्ने न्यूनतम सुविधा बारे आफ्नो रायसहित यो समितिले ६।६ महीनामा श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्ने ।

(३) कार्यावधिः समितिले १½ वर्षभित्र सुर्खेत जिल्लाको बसोवास गराउने कार्य समाप्त गर्नुपर्नेछ ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

१३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।